# विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनले सिकाई उपलब्धिमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको

पाठ्यक्रम तथा मूल्याङकन विषय ( Ed.CE. 598 ) को आंशिक आवश्यकता

परिपूर्तिको लागि प्रस्तुत गरिएको

शोधपत्र

प्रस्तुतकर्ता

गोपालप्रसाद दाहाल

एम.एड.द्वितीय वर्ष

क्याम्पस रो.नं. :-१२१/०६४/०६५

परीक्षा रोल नं. २१८००२२

त्रि.वि.दर्ता नं. :-१९२५४-८९

जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७०

# विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनले सिकाई उपलब्धिमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङकन विषय ( Ed.CE. 598 ) को आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत गरिएको

शोधपत्र

प्रस्तुतकर्ता

गोपालप्रसाद दाहाल

एम.एड.द्वितीय वर्ष

क्याम्पस रो.नं. :-१२१/०६४/०६५

परीक्षा रोल न. २१८००२२

त्रि.वि.दर्ता नं. :-१९२५४-८९

जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७०

शोध बुझाएको मिति : २०७१।०२।५ त्रि.वि. दर्ता नं. : १९२५४-८९

शोध स्वीकृत मिति : २०७१।०२।१२ परीक्षा रोल.नं. २१८००२२/ २०६५

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त

# जनता बहुमुखी क्याम्पस

इटहरी , सुनसरी

## विषय : सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत जनता वहुमुखी क्याम्पस इटहरी, सुनसरी पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय लिई विशिष्टिकरण गर्ने छात्र गोपालप्रसाद दाहालले **"विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनले सिकाई उपलब्धीमा पारेको प्रभाव"** विषयमा मेरो निर्देशन सल्लाह एवं सुपरीवेक्षणमा यो शोधपत्र तयार गर्नु भएको छ । वहाँले पूरा गर्नु भएको यस शोधपत्रको व्याख्या विश्लेषण प्राप्ती र सुझावको प्रस्तुतिकरणमा म सन्तुष्ट छु ।

साथै यो शोधपत्र मुल्याङकनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

......................

मिति:२०७१।०२।१२

उप.प्रा. राजनप्रसाद शर्मा
शोध निर्देशक
जनता वहुमुखी क्याम्पस
इटहरी,सुनसरी

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत एम.एड. दोश्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन समूहको आंशिक आवस्यकता पूरा गर्नका लागि यो शोधपत्र तयार गरिएको छ । यो शोधपत्र तयार गर्ने क्रममा मैले आफ्नो ज्ञान, बुद्धि, विवेक र मेहनतको प्रयोग गरी संभव भएसम्म राम्रो र शुद्ध वनाउने प्रयास गरेको छु ।

यो शोधपत्र तयार गर्ने क्रममा प्रस्तावना लेखन देखि शोधपत्र तयारीको समयसम्म आफ्नो अत्यन्तै व्यस्तताको बाबजुद पनि आवस्यक सल्लाह सुझाव र मार्गनिर्देशन प्रदान गरी अध्ययन कार्यलाई सफल पार्न सहयोग तथा हौसला प्रदान गर्नु हुने शोध निर्देशक आदरणीय गुरू श्री राजनप्रसाद शर्माज्यू, विभागीय प्रमुख श्री टोलनाथ काफ्लेज्यू, क्याम्पस प्रमुख श्री नारद उप्रेतीज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध तयारीको क्रममा निरन्तर आवश्यक सहयोग र सल्लाह प्रदान गरी हौसला प्रदान गर्नुहुने आदरणीय उपनिर्देशक श्री चुडामणि फुयाल मित्र यादवप्रसाद दुलाल प्रति आभार व्यक्त गर्दछु । अध्ययनको क्रममा स्रोतकेन्द्रबाट आवश्यक सामग्री तथा सूचना प्रदान गर्नुहुने र प्रश्नावली भरी महत्वपूर्ण सूचना दिनुहुने स्रोतव्यक्ति श्री नन्दकुमार ठाकुर, शिक्षक  श्री सन्तोष पोखेल प्रति आभार व्यक्त गर्दछु । साथै अध्ययनको लागि आवश्यक पर्ने विद्यालयका विद्यालय सुधार योजना, शैक्षिक तथ्याङ्क, विद्यार्थीहरुको शैक्षिक उपलब्धिको विवरण उपलब्ध गराउनुहुने साथै  प्रतिवेदन लेखन कार्यको लागि सूचना उपलब्ध गराई प्रश्नावलीको क्रममा आफ्ना धारणा व्यक्त गरिदिने प्र.अ.ज्यूहरु, वि.व्य.स.अध्यक्ष तथा सदस्यज्यूहरु , लक्षित समुह छलफलमा सहभागी भएर आफ्ना विचार प्रस्तुत गरिदिने आदरणीय प्रधानाध्यापकज्यूहरु क्रमशः विजय रौनियार, बद्रि पराजुली, प्रेमकुमारी दाहाल, अशोककुमार लुइटेल, यदुकुमार लुईटेल र विष्णु सरदारप्रति आभार प्रकट गर्दछु ।

साथै सदैव अध्ययनका लागि अवसर, उप्रेरणा र हौसला प्रदान गरी अत्यन्त संघर्षका यहासम्म ल्याइपुऱ्याउन ठुलो त्याग  र माया गर्नु हुने पूजनीय पिता श्री थिरप्रसाद दाहाल, आमा श्रीमती पूर्णदेवी दाहाल र आदरणीय दाजुहरु रुद्रप्रसाद दाहाल, गोविन्दप्रसाद दाहाल र अच्युतप्रसाद दाहालप्रति सदा स्मरण गर्दै कृतज्ञता ज्ञापन गर्दछु । । त्यस्तै गरेर मलाई विभिन्न

व्यवहारिक कामवाट फूर्सद दिदै यो शोधपत्र तयारीका लागि समय मिलाई पारिवारिक वातावरणलाई सहज वनाई सहयोग पुऱ्याउने श्रीमती कल्पना शर्मा, छोरीहरु आकृति र स्वीकृति दाहाल लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मलाई यो शोधपत्र तयार गर्ने क्रममा सन्दर्भ ग्रन्थसूचिमा उल्लेख भएका विभिन्न पुस्तक पत्रपत्रिका र लेखहरूले ज्यादै ठूलो सहयोग पुऱ्याएको छ । तसर्थ यस्ता महत्वपूर्ण ग्रन्थ पुस्तक तथा पत्र पत्रिका लेख्ने एवं प्रकाशन गर्ने विद्वान लेखक तथा प्रकाशकज्यू प्रति आभार व्यक्त गर्दछु । त्यस्तै गरेर यो शोधपत्रको पान्डुलिपीलाई शुद्ध गरेर कम्प्यूटर टाइप तथा कम्प्यूटर सेटिङ गरी सहयोग गर्नु हुने भेराइटी बुक्स एण्ड स्टेसनरीकी बहिनी मार्था भारतीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्र तयार गर्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सबैमा पुनः धन्यवाद र कृतज्ञता प्रकट गर्न चाहन्छु ।

गोपालप्रसाद दाहाल

विराटनगर-४,मोरङ

# अध्ययनसार

त्रिभुवन विश्वविद्यालय शिक्षाशाश्त्र सङ्काय अन्तर्गत एम.एड. दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यक्ता पुरा गर्नका लागि “विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनले सिकाई उपलब्धिमा पारेको प्रभाव” विषयमा अध्ययन गरी यो शोधपत्र तयार पारिएको छ । यस अध्ययनका निम्न उद्धेश्यहरु रहेका छन ।

१. विद्यालय सुधार योजना निर्माण प्रक्रियाको विश्लेषण गर्नु ।

२. विद्यालय सुधार योजना र विद्यार्थी सिकाइ उपलब्धी बीचको सम्बन्धको विश्लेषण गर्नु ।

३. विद्यालय सुधार योजना कार्यान्वयनमा आइपरेका समस्याहरू पहिचान गरी निराकरणका उपायहरू पत्ता लगाउनु ।

मोरङ जिल्लाको राधाकृष्ण स्रोतकेन्द्र अन्तर्गत जम्मा ३२ वटा सामुदायिक विद्यालयहरु मध्ये यो अध्ययन पुरा गर्न  नगर क्षेत्रका ३ र ग्रामिण क्षेत्रका ३ गरी जम्मा ६ वटा विद्यालयहरु, उक्त विद्यालयमा कार्यरत प्र.अ./शिक्षक, वि.व्य.स. अध्यक्ष/सदस्य गरी २४ जना र स्रोतव्यक्ति १ जनालाई  उद्धेश्यात्मक नमूना छनौट विधि मार्फत नमूनाको रुपमा लिई निर्धारित साधन प्रयोग गरी सूचना संकलन गरियो । प्रश्नावली, प्र.अ.हरुसँग लक्षित समुह छलफल र दस्तावेज अध्ययन बाट प्राप्त सूचनाहरुलाई  गुणात्मक विधिबाट व्याख्या र विश्लेषण गरी त्यसैको सार निकाली यो अध्ययन पुरा गरिएको छ ।

सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण भएको छ । वि.व्य.स. र प्र.अ. योजना निर्माणप्रति सकारात्मक देखिन्छन तर दक्ष जनशक्तिको अभाव छ । योजना निर्माण समुह गठन गरेपनि २ वा ३ जनाले पुरा योजना निर्माण गर्नु परेको अवस्था छ । नयाँ निर्माण निर्देशिका विद्यालयमा उपलब्ध छैन । विद्यालय सुधार योजनामा सिकाइ उपलब्धि बृद्धि गर्ने केहि क्रियाकलापहरु राखिएका छन् तर कार्यान्वयन पक्ष सन्तोषजनक भएको पाइदैन । गरिव र पिछडिएका समुदायका वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्न र विद्यालयमा टिकाइ राख्न तथा नियमित कक्षामा उपस्थिति गराउन चनौतिपूर्ण रहेको छ । नमूना छनौट गरिएका सबै विद्यालयको प्राथमिक तहका वालवालिकाहरुको औसत सिकाइ उपलब्धिदर ५० प्रतिशत भन्दा माथि हुन सकेको पाइदैन । विद्यालय व्यवस्थापन समिति आर्थिक रुपमा सक्षम र सबल छैन

शिक्षा कार्यालयबाट मात्र बजेटको अपेक्षा गर्ने गरिएको छ । त्यसैले योजना योजनाकै लागि जस्तो देखिन्छ ।

आफ्नो विद्यालय आफै बनाऔँ भन्ने भावनाको जागृति गराउँदै विद्यालयको व्यवस्थापकीय जिम्मेवारी समुदायले लिने, योजना निर्माणमा समुदायकै सहभागिता बढाउने गरी विद्यालय सुधार योजनाको अवधारणा आएको छ । योजना निर्माणमा सक्रियता छ तर कार्यान्वयन पक्ष फितलो छ । विभागबाट प्रकाशित योजना निर्माण निर्देशिकाको अभिमुखकिरण सहित विद्यालय तहसम्म पुऱ्याउन जरुरी भएको छ । विद्यालय शिक्षामा  गरिएको सुधारको नतिजा र परिणाम निस्कन समय बढी नै लाग्ने हुन्छ भन्ने दीर्घकालीन सोचका आधारमा सुधार योजनाहरू बनाई कार्यान्वयन गर्नु आवश्यक भएको छ । प्राथमिक तहमा सिकाई उपलब्धि बृद्धि गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाउनुपर्ने, शैक्षिक उपलब्धिसँग शिक्षकको कार्यसम्पादनलाई जोडदै पुरस्कार र दण्डको व्यवस्था गर्नु आवश्यक भएको छ ।  शिक्षा ऐन नियममा व्यवस्था भए अनुसार  विद्यालय खुल्ने दिन २२० र पढाई हुने दिन १९२ पुग्नु जरुरी छ ।

# विषयसूची

**परिच्छेद एक : परिचय**

| क्र.सं. | विषय | पेज |
|---|---|---|
| १. | परिचय | १ |
| १.१ | अध्ययनको पृष्ठभूमी | १ |
| १.२ | समस्याको कथन | ७ |
| १.३ | अध्ययनको औचित्य | ८ |
| १.४ | अध्ययनका उद्धेश्यहरु | ९ |
| १.५ | अध्ययनको परिसीमा | ९ |
| | **परिच्छेद दुई : साहित्यको पुनरावलोकन** | |
| २.१ | सम्बन्धीत साहित्यको पुनरावलोकन | ११ |
| | **परिच्छेद तीन : अनुसन्धान विधि** | |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १७ |
| ३.२ | जनसंख्या | १८ |
| ३.३ | नमुना छनौट | १८ |
| ३.४ | तथ्याङ्क संकलनका स्रोतहरु | १९ |
| ३.५ | साधनको निर्माण | २० |
| ३.६ | साधनको वैद्यता | २० |
| ३.७. | तथ्याङ्क संकलन प्रक्रिया | २० |
| ३.८ | तथ्याङ्क विश्लेषण प्रक्रिया | २१ |
| | **परिच्छेद चारः विश्लेषण र व्यख्या** | |
| ४.१ | विद्यालय सुधार योजनाको निर्मार्ण प्रकृयाको विश्लेषण र व्याख्या | २२ |
| ४.२ | विद्यालय सुधार योजना र विद्यार्थी सिकाई उपलब्धी बीचको सम्बन्धको विश्लेषण र व्यख्या | २५ |
| ४.३ | विद्यालय सुधार योजना कार्यान्वयनमा आइपरेका समस्याहरुको विश्लेषण र व्याख्या | २९ |

**परिच्छेद पाँचः प्राप्ति, निकर्ष र सुझाव**

| | | |
|---|---|---|
| ५.१ | मख्य प्राप्तिहरु | ३३ |
| ५.२ | निष्कर्ष | ३७ |
| ५.३ | सुझावहरु | ३९ |

सन्दर्भ ग्रन्थ सूची

अनुसूचीहरु

परिशिष्टहरु

## संक्षिप्त शब्दावलीहरुको परिभाषा

यस अध्ययन प्रस्तावनामा प्रयोग गरिएका संक्षिप्त शब्दहरुको परिभाषा र व्याख्या निम्न अनुसार रहेको छ ।

- वि.व्य.स. : विद्यालय व्यवस्थापन समिति
- प्र.अ. : प्रधानाध्यापक
- प्रा.वि. : प्राथमिक विद्यालय
- नि.मा.वि. : निम्न माध्यमिक विद्यालय
- मा.वि. : माध्यमिक विद्यालय
- वि.नि. : विद्यालय निरीक्षक
- स्रो.के. : स्रोतकेन्द्र
- स्रो.व्य. : स्रोतव्यक्ति
- आ.प्रा.शि.का. : आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम
- आ.व. : आर्थिक वर्ष
- शै.स. : शैक्षिक सत्र
- वि.सु.यो.: विद्यालय सुधार योजना
- एस.एस.आ.पी. : स्कुल सेक्टर रिफर्म प्लान
- जि.शि.का.: जिल्ला शिक्षा कार्यालय
- क्षे.शि.नि.: क्षेत्रीय शिक्षा निर्देशनालय